# लिखु गाउँपालिका यसम, ओखलढुंगा

## कोशी प्रदेश

## स्थानीय राजपत्र

## लिखु गाउँपालिकाद्वारा प्रकाशित

| खण्डः- ९ | संख्याः -३ | मितिः- २०८२/०२/१० |
|---|---|---|


## भाग-२

### नवजात शिशु बचत खाता सम्बन्धी कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः- २०८२/०२/०९**

लिखु गाउँपालिकाले नवजात शिशुहरूका लागि भविष्यमा शिक्षा तथा आवश्यकताका क्रममा आर्थिक सहयोग उपलब्ध गराउन, बालबालिकामा बचत संस्कारको विकास गर्न, दीर्घकालीन रूपमा शिक्षामा लाग्ने खर्चको व्यवस्थापनमा सहयोग पुऱ्याउन तथा बाल अधिकारको संरक्षण गर्न उद्देश्यले यो कार्यक्रम सञ्चालन गर्न वाञ्छनिय भएकोले,

लिखु गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७७ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरेको छ ।

**परिच्छेद– १**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"नवजात शिशु बचत खाता सम्बन्धी कार्यविधि २०८२"** रहेको छ ।

(२) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिबाट लागु हुनेछ ।

(३) यो कार्यविधि लिखु गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

**२. परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "गाउँपालिका" भन्नाले लिखु गाउँपालिका सम्झनु पर्दछ ।

(ख) "अध्यक्ष" भन्नाले लिखु गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले लिखु गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ ।

(च) "वडा अध्यक्ष" भन्नाले लिखु गाउँपालिका अन्तर्गतका वडा अध्यक्षको पदमा निर्वाचित व्यक्ति वा सो पदमा रही कार्य गर्न तोकिएको व्यक्ति सम्झनु पर्छ ।

(छ) "सिफारिस समिति" भन्नाले दफा ६ बमोजिम गठन हुने समिति सम्झनु पर्छ।

(ज) "वडा समिति" भन्नाले गाउ कार्यपालिकाको वडा समिति सम्झनु पर्छ।

(झ) "सभा" भन्नाले गाउँपालिकाको सभा सम्झनु पर्छ।

(ञ) "नवजात शिशु" भन्नाले वच्चा जन्मिएको २८ दिन भित्रको शिशुलाई सम्झनु पर्छ।

(ट) "**नवजात शिशु बचत खाता**" भन्नाले नबजात शिशुलाई गाउँपालिकाले तोकेको बैंकबाट खाता खोली दिएको बैंक खाताको नाम र नम्बरलाई सम्झनु पर्दछ।

(ठ) "सिफारिस समिति" भन्नाले नवजात शिशु बचत खातामा रकम जम्मा गर्न सिफारिस समितिलाई जनाउने छ।

## परिच्छेद २

## उद्देश्य, लक्षित वर्ग र क्षेत्रहरु

**३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्**

(क) स्थानीय तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण तथा सम्वर्धनका लागि कानूनी, तथा शैक्षिक भबिश्यको निर्माण गर्न।

(ख) स्थानीय तहमा बालबालीकाको उज्वल भविष्यको लागी सामाजिक सुरक्षा कोषको रुपमा वचत गर्ने बानिको विकास गर्न।

(ग) बालबालिकामाथि हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार, शोषण, अवहेलना, वेवास्ताको अन्त लागि बहुपक्षीय समन्वय तथा सहकार्य स्थापित गर्ने।

**४. कार्यक्रमको लक्षित वर्ग र क्षेत्रहरुः** लिखु गाउँपालिकाबाट उपलब्ध गराईने नवजात शिशु बचत रकम लक्षित वर्ग र क्षेत्रहरु देहाय बमोजिम हुनेछन्।

(क) गर्भवती भई स्वास्थ्य संस्थामा नियमित रूपमा नेपाल सरकारले तोकेबमोजिम कम्तिमा चार पटक गर्भ जाँच गराएका गर्भवती महिलाहरुबाट जन्मेका नवजात शिशुहरु।

(ख) प्रसूति सेवा बर्थिङ सेन्टरबाट लिएका तथा बर्थिङ सेन्टरबाट सुविधा सम्पन्न अस्पतालमा प्रेषण गरी जन्मिएका नवजात शिशुहरु।

(ग) नेपाल सरकारको नियमानुसार साथै आमा सुरक्षा कार्यक्रममा तोकेबमोजिम कम्तिमा ३ पटक पोष्टनेटल केयर सेवा लिखु गाउँपालिकाका स्वास्थ्य संस्थावाट लिएका नवजात शिशुहरु।

(घ) यस कार्यविधिमा जेसुकै लेखिएको भएतापनि लिखु गाउँपालिकाका स्थायी नागरिकहरु अन्यत्र बसोबास गरेको स्थानमा गर्भवती भइ नवजात शिशुको जन्म भई निर्धारित समयभित्र वडा कार्यालयमा जन्मदर्ता गराएको खण्डमा यस्तो सुविधा उपलब्ध गराउन बाधा पर्नेछैन।

## परिच्छेद ३

## रकम वितरण प्रकृया

**५) आवश्यक कागजातहरुः**

१. बच्चा जन्मिएको ३५ दिन भित्र निम्न कागजात सहित लिखु गाउँपालिकामा अनुसूचि १ बमोजिमको निवेदन पेस गर्नु पर्नेछ।

(क) जन्म दर्ताको प्रमाण पत्र तथा वडा कार्यालयको सिफारिस पत्र

(ख) बावुआमाको विवाहदर्ता प्रमाणपत्र भए सोको प्रतिलिपि

(ङ) अभिभावकको नागरिकताको प्रतिलिपि

(च) गाउँपालिकाले तोकेको बैंक खाताको चेकको प्रतिलिपि

२. दफा ५(१) अनुसार प्राप्त निवेदनको आधारमा गाउँपालिकाले नवजात शिशु खातामा रू ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) रकम जम्मा गरिनेछ।

## परिच्छेद ४

## प्रतिवेदन तथा अभिलेख

७. लिखु गाउँपालिकाबाट त्रैमासिक र वार्षिक रुपमा वितरण भएका नवजात शिशुको खातामा जम्मा भएको रकमको विवरण विवरण लिखु गाउँपालिकाको कार्यपालिका बैठक समक्ष पेश गर्नु पर्नेछ। साथै यसको विवरण लिखु गाउँपालिकाको वेवसाईट तथा सूचना पार्टीबाट प्रकाशित गरिनेछ।

## परिच्छेद ५

## खाताको रकम सञ्चालन सम्बन्धी व्यवस्था

८. नवजात शिशुको नाममा गाउँपालिकाबाट उपलब्ध गराईएको आर्थिक सहायता बापतको रकम निजको उमेर १६ बर्ष पुरा नभएसम्म निकाल्न नमिल्ने गरि वित्तीय संस्थाहरुले सहजीकरण गर्नुपर्नेछ।

९. नवजात शिशुको खातामा जम्मा भएको रकम कुनै कारणबस बच्चाको असामायीक निधन भएमा निजको संरक्षक वा अभिभावकले उक्त रकम परिचालन गर्न सक्नेछ।

## परिच्छेद ६

## विविध

**११. बाधा अड्काउ फुकाउने अधिकार:** यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा वा बाधा अड्काउ भएमा गाउँ कार्यपालिकाले सो दुविधा वा बाधा अडकाउ फुकाउन सक्नेछ

**१२. बचाउः** यस अघि यस कार्यक्रममार्फत भएका गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

**अनुसूचि १**

**परिच्छेद ४ को दफा ५ सँग सम्बन्धित**

**गाउँपालिकालाई पेश गर्नु पर्ने निवेदन**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,

लिखु गाउँ कार्यपालिकाको कार्यालय, यसम, ओखलढुङ्गा ।

**बिषयः- नवजात शिशु बचत खातामा रकम जम्मा गरी पाउँ ।**

प्रस्तुत बिषयमा यस लिखु गाउँपालिका वडा नं............ निवासी .......................................... को छोरा/छोरी ............................................. को मिति ............................................गते ........................................ स्वास्थ्य संस्थामा नवजात शिशुको जन्म भएको हुँदा लिखु गाउँपालिका भित्रका नवजात शिशुलाई जन्म पश्चात रू ५,००० सहितको शिशु बचत खाता खोली नवजात शिशु बचत खाता सम्बन्धी कार्यविधि, २०८२ अनुसार तपसिल बमोजिमको खातामा रकम जम्मा गरिदिनहुन अनुरोध सहित यो निवेदन पेश गर्दछु ।

खातावालाको नामः

खाता नं.

बैंकको नामः

.........................

**निवेदक**

आज्ञाले

अर्जुन कुमार राउत

प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२/०२/१०